नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, वैशाख २२ गते २०३३ साल [अतिरिक्ताङ्क ३

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

माननीय उद्योग वाणिज्य र शिक्षा राज्यमन्त्री श्री हर्कबहादुर गुरूङ नैरोवीमा हुने अंकटाडको चौथो सम्मेलनमा भाग लिन जानुभएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि उहाँले सम्हाली आउनुभएको उद्योग वाणिज्य र शिक्षा मन्त्रालयको कार्यभार सं. अर्थ र सामान्य प्रशासन मन्त्री श्री भेषबहादुर थापाले सम्हाल्नु हुनेछ।

हुकुमबक्सेबमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापखाना सिंहदरबार काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।